नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

# कान्तिपु

काठमाडौं, विराटनगर, भरतपुर र नेपालगन्जबाट एकैसाथ प्रकाशित

१७ मंसिर २०७२ बिहीबार मार्ग कृष्णपक्ष अष्टमी नेपाल संवत् ११३६ राष्ट्रिय संस्करण KANTIPUR, Nepali National

### सरकारलाई विज्ञहरूको सुझाव-

# 'नाकाबन्दीविरुद्ध अन्तर्राष्ट्रिय अदालत जाऔं'

■ चन्द्रशेखर अधिकारी

काठमाडौं- विश्वका चर्चित विश्वविद्यालयका प्राध्यापक तथा विशेषज्ञ नेपालीहरूले भारतले लगाएको नाकाबन्दीबारे अन्तर्राष्ट्रिय समुदाय परिचालन गर्दै न्याय माग्न जानुको विकल्प नभएको बताएका छन्। नेपालले तयारीका साथ त्यसमा लाग्नुपर्ने उनीहरूको सुझाव छ। उनीहरूले आन्तरिक मामिला र बाह्य मामिलालाई एकै स्थानमा नराख्न सुझाउँदै निकै सचेत भएर यो विषयलाई अन्तर्राष्ट्रिय न्यायिक निकायमा लैजान नेपालले ढिला गर्न नहुने बताए।

काठमाडौंमा बुधबार आयोजित एकदिने 'काठमाडौं सम्मेलन' मा उनीहरूले भारतको नाकाबन्दीबाट भूपरिवेष्टित मुलुकले पाउनुपर्ने अन्तर्राष्ट्रिय कानुनी हकको ठाडो उल्लंघन भएको बताए।

नेपालका लागि विश्व नीति मञ्च (जीपीएफएन) का अध्यक्ष प्रा. सूर्यप्रसाद सुवेदीले भारतको पछिल्लो व्यवहार अन्तर्राष्ट्रिय कानुनविपरीत रहेकाले भारतविरुद्ध अन्तर्राष्ट्रिय न्यायिक निकायसमक्ष जान उत्तम हुने सुझाव दिए। नेपालका राजनीतिक दल र विज्ञ सबै 'आस र त्रास' मा रहेकाले समस्या समाधान हुन नसकेको टिप्पणी गर्दै उनले भने, 'प्रगतिशील एवं समृद्ध नेपालका लागि विश्वभरका नेपाली प्राज्ञ एक हौं र नेपालका लागि केही गरौं भनेर काठमाडौंमा भेला भएका हौं।'

नेपालको व्यापार तथा पारवहन अधिकार कुण्ठित भएकाले भूपरिवेष्टित राष्ट्रहरूको पारवहन स्वतन्त्रतासम्बन्धी तथ्यगत आधार लिएर नेपाल अन्तर्राष्ट्रिय मञ्चमा उभिन सक्ने र त्यसका लागि सहयोग गर्न आफूलगायत विश्वमा छरिएर रहेका विज्ञ तयार रहेको उनले स्पष्ट पारे।

भारतले सन् १९५० को शान्ति तथा मैत्री सन्धिको धारा ७ को समेत उल्लंघन गरेको बताउँदै प्रा. सुवेदीले भने, '२१ औं शताब्दीमा कुनै एउटा सभ्य राष्ट्रले अर्को सभ्य राष्ट्रलाई गर्न नहुने व्यवहार भारतबाट नेपालप्रति भएको छ, यो नैतिक, कूटनीतिक र कानुनी आधारमा अस्वीकार्य व्यवहार हो।'

बाँकी पृष्ठ २»

## 'नाकाबन्दीविरुद्ध अन्तर्राष्ट्रिय...

उनले अन्तर्राष्ट्रिय कानुनी धरातलमा उभिएर कूटनीतिक संवादको माध्यमबाट समस्याको समाधान गर्न नै दुवै देशका सरकार र जनताको तत्कालीन एवं दीर्घकालीन हितमा हुने दाबी गरे।

कार्यक्रममा सुवेदीले कार्यपत्र प्रस्तुत गर्दै समाधानको बाटो सुझाएका थिए। आन्तरिक समस्याका लागि विदेशी गुहार्ने पुरानो शैलीको मारमा अहिले नेपाल परेको उनको भनाइ थियो।

सुवेदीको कार्यपत्रमा टिप्पणी गर्दै स्विडेनका कानुन प्राज्ञ कटक मल्लले कूटनीतिक मामिला र राजनीतिलाई फरक रूपमा हेर्न नहुने बताए।

आन्तरिक राजनीतिक अवस्थामा बाह्य शक्तिको चलखेलको प्रभावबाट मुक्त हुन गरिने प्रयास नै अन्तर्राष्ट्रियकरण भएको उल्लेख गर्दै उनले भने, 'आन्तरिक मामिला र दुईपक्षीय मामिलालाई एकै स्थानमा राखेर हेर्न हुँदैन।'

मल्लले नेताले स्थितिको गाम्भीर्य बुझ्न आवश्यक रहेको र प्राज्ञिक व्यक्तिको कुरा नसुनिनु एवं त्यस्तो थिंकट्यांकको विकास नहुनु दुःखद भएको बताए। २ डिसेम्बरमा सुगौली सन्धि हुँदा नेपालले आफ्नो भूभाग र अधिकारसमेत गुमाएको भन्दै यही दिन पारेर यस्तो भेलाको गरिएको आयोजकले जनाए।

अस्ट्रेलियाको न्यु साउथ वेल्स विश्वविद्यालयका प्राध्यापक (मुटुरोग विशेषज्ञ) डा. कुमुद धितालले कानुनबमोजिमको शासनले नै एक-अर्कालाई निकट ल्याउने हुनाले कानुनी उपचार खोज्न ढिलाइ गर्न नहुने बताए। अन्याय परेका बेला न्याय माग्न जाँदा अन्याय गर्ने रिसाउँछ भन्नेमा लाग्न नहुने उनको तर्क छ। 'झगडा पर्दा पक्ष-विपक्ष बसेर समाधान खोज्ने हो, त्यसबाट नभएपछि तेस्रो पक्षलाई गुहार्ने हो, त्यो सहजकर्ताको रूपमा हुन सक्छ वा कानुनी उपचारका रूपमा,' उनले भने।

कार्यक्रमका सहभागी प्राज्ञहरूले नेपाल सरकारले आवश्यक ठानेमा यस मुद्दालाई अन्तर्राष्ट्रिय कानुनी निकायमा पुर्‍याउन आफूहरू तयार रहेको जानकारी दिँदै आन्तरिक शुद्धीकरणमा जोड दिए।

जीपीएफएनमा बेलायतको लिडस विश्वविद्यालयका अन्तर्राष्ट्रिय कानुनका प्राध्यापक सुवेदी, अमेरिकाको हार्भर्ड विश्वविद्यालयलका प्राध्यापक डा. शिव गौतम, डा. कुमुद धिताल, स्विडेनका अन्तर्राष्ट्रिय कानुनका प्राध्यापक कटक मल्ल, अमेरिकाका प्राध्यापक उपेन्द्र आचार्यलगायत नौ जना रहेका छन्।